जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ५० २०८३ साल जेष्ठ २२ गते, शुक्रबार Friday, June.– 05 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## पूर्वाधार विकास कार्यालयमा प्रमुख अभाव, १ अर्ब ३९ करोडका योजना प्रभावित नहुने दाबी

***संवाहक सम्वादाता-२१ बैशाख, कलैया***

बारा स्थित पूर्वाधार विकास कार्यालयमा कार्यालय प्रमुखको रिक्तताले केही प्रशासनिक प्रक्रिया प्रभावित भएको छ। योजनाहरु अलपत्र अवस्था लथालिङ हुँदै आएको छ। कार्यालय प्रमुख पहुँचको भा आउने जाने क्रम चलिरहेको र निमितको भरमा आवासको अधुरा घर निर्माण सँगै नयाँ योजना प्रभावित




भए पनि विकास निर्माणका योजनाहरू प्रभावित हुन नदिने गरी आवश्यक व्यवस्थापन प्रक्रिया अघि बढाइएको मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ।

कार्यालय प्रमुख हेमन्त गोडैत विगत करिब १० दिनदेखि मन्त्रालयमा हाजिर हुन थालेपछि कार्यालय प्रमुखको पद रिक्त रहेको छ। असार मसान्त नजिकिँदै गर्दा करिब १ अर्ब ३९ करोड रुपैयाँ बराबरका पूर्वाधार विकास योजनाको कार्यान्वयन र बजेट खर्चको विषयलाई लिएर चासो बढेको छ।

कार्यालय स्रोतका अनुसार हालसम्म करिब ५० प्रतिशत योजनाको सम्झौता प्रक्रिया पूरा हुन बाँकी छ। प्रमुखको अनुपस्थितिका कारण केही निर्णय प्रक्रियामा ढिलाइ देखिएको भए पनि मन्त्रालयले त्यसको समाधानका लागि आवश्यक पहल गरिरहेको जनाएको छ।

कार्यालयकी सूचना अधिकारी तथा निमित्त प्रमुख आरती चौधरीले मन्त्रालयलाई पटक-पटक कार्यालय प्रमुख पठाउन आग्रह गरिएको बताउँदै आफूलाई प्रशासनिक जिम्मेवारी मात्रै दिइएकाले केही निर्णयहरू अगाडि बढाउन कठिनाइ भएको जानकारी दिइन्।

यता भौतिक पूर्वाधार विकास मन्त्री महम्मद समिरले बारामा सञ्चालित विकास आयोजनालाई प्रभावकारी रूपमा अघि बढाउन विशेष चासो दिएको मन्त्रालय स्रोतले जनाएको छ। मन्त्री समिरले पदभार सम्हालेदेखि विकास निर्माणका कामलाई तीव्रता दिने, बजेट कार्यान्वयन बढाउने तथा जनताले प्रत्यक्ष लाभ पाउने

बाँकी तेस्रो पृष्ठमा

## जातीय विभेद अन्त्यका लागि संसद् प्रतिबद्ध : सभामुख अर्याल

***काठमाडौं, जेठ २१ –***

सभामुख डोलप्रसाद अर्याल ले जातीय विभेद तथा छुवाछूतको अन्त्यका लागि संसद् प्रतिबद्ध रहेको बताएका छन्। उनले विभेदमुक्त समाज निर्माणका लागि कानुनी, सामाजिक र आर्थिक तीनै क्षेत्रमा समान रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याए।




जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै सभामुख अर्यालले जातीय विभेदको अन्त्य केवल सरकार वा कुनै एक निकायको प्रयासले सम्भव नहुने बताए। राज्य, राजनीतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र तथा आम नागरिक सबैको साझा दायित्व र सहकार्यबाट मात्र विभेदरहित समाज निर्माण गर्न सकिने उनको भनाइ थियो।

उनले सामाजिक चेतना अभिवृद्धि, कानुनको प्रभावकारी कार्यान्वयन तथा दलित समुदायको आर्थिक सशक्तीकरणलाई विभेद अन्त्यका प्रमुख आधारका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए। दलित समुदाय आर्थिक रूपमा सशक्त नभएसम्म सामाजिक परिवर्तनको लक्ष्य पूर्ण रूपमा हासिल गर्न कठिन हुने उनको तर्क थियो।

सभामुख अर्यालले दलित समुदायको मूलप्रवाहीकरण, समान सहभागिता र अधिकार सुनिश्चित गर्न आवश्यक कानुन निर्माण तथा संशोधनका लागि संसद् गम्भीर र प्रतिबद्ध रहेको उल्लेख गरे। उनले संविधानले परिकल्पना गरेको समानता, सामाजिक न्याय र समावेशिताको लक्ष्य प्राप्त गर्न राज्यका सबै निकायले थप जिम्मेवार भएर काम गर्नुपर्ने धारणा व्यक्त गरे।

## सर्पदंशबाट १९ महिनाका बालकको मृत्यु, कलैया अस्पतालमा उपचारका क्रममा ज्यान गयो

***संवाहक सम्वादाता-२१ बैशाख, कलैया***

बाराको पचरौता नगरपालिका-४ बेल्दारीमा सर्पदंशबाट एक १९ महिनाका बालकको मृत्यु भएको छ।



जिल्ला बारा पचरौता नगरपालिका-४ बेल्दारी बस्ने संजय रामकी श्रीमती अन्दाजी ३० वर्षीया सोनापती देवी रामले आफ्ना छोरा १९ महिनाका धनजय रामलाई लिएर रविन्द्र यादवको मकै खेतमा ज्यालादारी काम गरिरहेकी थिइन्। सोही क्रममा खेल्दै गरेका बालकलाई दाहिने खुट्टामा सर्पले टोकेको थियो। सर्पदंशपछि गम्भीर बिरामी भएका बालकलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो। अस्पतालमा चिकित्सकले भ्रून परीक्षण गर्दा बाटोमै मृत्यु भइसकेको पुष्टि गरेका थिए।

घटनाको जानकारी प्राप्त भएपछि प्रहरी चौकी बेल्दारीबाट प्रहरी सहायक निरीक्षक सुनिल यादवको कमाण्डमा टोली खटिएको थियो।

बाँकी तेस्रो पृष्ठमा

## जातीय विभेद र छुवाछूत उन्मूलनमा कानुन, व्यवहार र सामाजिक रूपान्तरणको चुनौती

***"जातीय विभेद र छुवाछूत कानुनी रूपमा निषेध भए पनि व्यवहारमा अझै पूर्ण अन्त्य भएको छैन। कानुन कार्यान्वयनको कमजोरी, अशिक्षा र सामाजिक सोचका कारण समस्या कायम छ।***

***अब कानुनसँगै सामाजिक चेतना र आर्थिक सशक्तीकरण आवश्यक छ, जसबाट मात्र समान र विभेदमुक्त समाज सम्भव हुन्छ।"***



***लेखकः पन्नालाल दास***

नेपालको संविधानले जातीय विभेद तथा छुवाछूतलाई पूर्ण रूपमा निषेध गर्दै यसलाई दण्डनीय अपराधको रूपमा स्पष्ट रूपमा परिभाषित गरेको छ। राज्यले कानुनी प्रावधान, दण्ड-जरिवाना तथा विभिन्न नीतिगत व्यवस्था लागू गरे पनि व्यवहारमा विभेदका घटना अझै विभिन्न स्वरूपमा देखिँदै आएका छन्।

प्रहरी प्रशासन न्याय दिलाउने प्रारम्भिक निकाय भए पनि कतिपय अवस्थामा राजनीतिक दबाब, सामाजिक प्रभाव तथा संरचनागत कमजोरीका कारण मुद्दा कमजोर पारिने, मिलापत्र गराइने वा न्यायिक प्रक्रिया ढिलाइ हुने समस्या देखिन्छ। यसले कानुन कार्यान्वयनको प्रभावकारितामा प्रश्न उठाएको छ।

ग्रामीण तथा शहरी दुवै क्षेत्रमा अशिक्षा, आर्थिक विपन्नता र सामाजिक चेतनाको कमीका कारण दलित तथा सीमान्तकृत समुदायले अझै पनि विभेद, अपहेलना र बहिष्करण भोग्न बाध्य छन्। सार्वजनिक सेवा, सामाजिक संस्कार, धार्मिक गतिविधि तथा दैनिक जीवनका विभिन्न पक्षमा समान व्यवहारको अभाव अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन।

विभिन्न सामाजिक तथा सांस्कृतिक अभ्यासमा देखिने असमानताले यो समस्या अझ जटिल बनेको छ। श्रम, सीप र योगदान सबै समुदायबाट भए पनि व्यवहारमा समान सम्मान स्थापित हुन नसक्नु गम्भीर चुनौती हो।

इतिहासमा चमार, पासवान, विश्वकर्मा, डोम लगायत समुदायले आफ्नो श्रम र सीपमार्फत समाजमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। तर ती योगदानलाई जातीय आधारमा मूल्यांकन गर्नु आधुनिक समानतामूलक समाजको मान्यतासँग मेल खाँदैन।

जुत्ता सिउने, कृषि उत्पादन गर्ने, पशुपालन गर्ने तथा औजार निर्माण गर्ने कार्य सबै समुदायका लागि आवश्यक भए पनि उत्पादन गर्ने समुदायप्रति नै विभेद कायम रहनु सामाजिक न्यायका दृष्टिले अस्वीकार्य अवस्था हो।

धार्मिक दृष्टिले प्रकृतिका हावा, पानी, सूर्यको प्रकाश, भूमि र अन्न सबैका लागि समान छन्। त्यसैले मानव समाजमा मात्र विभेद कायम रहनु सामाजिक संरचनागत समस्याको संकेत हो।

छुवाछूतलाई धार्मिक अभ्याससँग जोड्ने प्रयास भए पनि संविधान र मानव अधिकारका दृष्टिले यस्तो अभ्यास दण्डनीय मानिन्छ।

वैज्ञानिक दृष्टिकोणले मानव जातिको उत्पत्ति एउटै स्रोतबाट भएको मानिन्छ। त्यसैले जातीय आधारमा गरिने विभेदको कुनै वैज्ञानिक आधार छैन भन्ने धारणा स्थापित हुँदै गएको छ।

दलित भन्ने अवधारणालाई जातीय होइन, सामाजिक र संरचनागत

बाँकी तेस्रो पृष्ठमा

## बालक अपहरण प्रयासमा संलग्न एक जना रौतहटबाट पक्राउ

***महोत्तरी, जेठ २१ –***

महोत्तरीमा बालक अपहरण प्रयासको घटनामा संलग्न एक जना फरार अभियुक्तलाई प्रहरीले रौतहटबाट पक्राउ गरेको छ।



जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पक्राउ पर्ने व्यक्ति रौतहटको गढीमाई नगरपालिका-७ निवासी २३ वर्षीय नवराज अधिकारी हुन्। गत वैशाख ७ गते दिउँसो करिब २ बजे महोत्तरीमा तीन जना अज्ञात व्यक्तिले नम्बर नखुलेको मोटरसाइकलमा ८ वर्षीय बालकलाई जबरजस्ती लैजाने प्रयास गरेका थिए। तर बालकले चिच्याएर सहयोग मागेपछि स्थानीयवासीको प्रतिरोधका कारण अपहरणकारीहरूले बालकलाई घटनास्थलमै छाडेर फरार भएका थिए। घटनापछि प्रहरीले प्रयोग भएको ना ६४ प ७९९० नम्बरको मोटरसाइकल बरामद गरेको थियो।

अनुसन्धानका क्रममा संलग्नमध्येका नवराज अधिकारीलाई जेठ १५ गते रौतहटको गौर नगरपालिका-५ हस्पिटल चोकबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

महोत्तरी प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार पक्राउ परेका अधिकारीमाथि जिल्ला अदालत महोत्तरीबाट ६ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको छ। घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा


मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

### चुरे जोगाऔं, भविष्य बचाऔं

नेपालको चुरे क्षेत्र आज गम्भीर संकटमा छ। देशको जलस्रोत, जैविक विविधता र तराई-मधेशको वातावरणीय सन्तुलनको आधार मानिने चुरे दिनप्रतिदिन मानवीय गतिविधिका कारण कमजोर बन्दै गएको छ। ढुंगा, गिट्टी र बालुवाको अनियन्त्रित उत्खनन, अवैध वन फँडानी, डढेलो तथा अव्यवस्थित सडक निर्माणले चुरेको प्राकृतिक संरचनामाथि निरन्तर प्रहार गरिरहेको छ। चुरे संरक्षणको सवाल केवल वन वा पहाड जोगाउने विषय मात्र होइन। यो तराई-मधेशका लाखौं नागरिकको जीवन, कृषि उत्पादन, खानेपानीको उपलब्धता र वातावरणीय सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो। चुरे क्षेत्र नष्ट हुँदै जाँदा पानीका मुहान सुक्ने, भूमिगत जलस्तर घट्ने, बाढी तथा कटानको जोखिम बढ्ने र अन्ततः तराई क्षेत्रमा मरुभूमीकरणको खतरा बढ्ने विज्ञहरूको चेतावनी छ। यही चिन्ताका बीच चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले सरकारसमक्ष चुरे संरक्षण ऐन निर्माण, प्रभावकारी नीति कार्यान्वयन तथा क्रसर उद्योगमाथि कडा नियन्त्रणको माग गरेको छ। अभियानकर्ताहरूले उठाएका अधिकांश मुद्दा केवल भावनात्मक होइनन्, वातावरणीय यथार्थमा आधारित छन्। विकास निर्माणका नाममा प्राकृतिक सम्पदाको अन्धाधुन्ध दोहन दीर्घकालीन रूपमा राष्ट्रकै हितविपरीत हुन सक्छ। सरकारले आर्थिक गतिविधि र वातावरणीय संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने चुनौती सामना गरिरहेको छ। तर, संरक्षणका नाममा केवल घोषणा गर्ने र दोहनका गतिविधिलाई मौन समर्थन गर्ने प्रवृत्तिले समस्या झन् गम्भीर बनाउनेछ। चुरे संरक्षणका लागि स्पष्ट कानुनी व्यवस्था, प्रभावकारी अनुगमन र स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य छ। चुरे केवल भूगोल होइन, भावी पुस्ताको जीवनसँग जोडिएको प्राकृतिक सम्पदा हो। आज चुरेलाई जोगाउन नसके भोलि पानी, कृषि र वातावरणीय सुरक्षाको संकट अझ भयावह बन्न सक्छ। त्यसैले सरकार, राजनीतिक दल, नागरिक समाज र आम जनताले चुरे संरक्षणलाई साझा दायित्वका रूपमा ग्रहण गर्दै ठोस कदम चाल्न आवश्यक छ। चुरे जोगिए मात्र तराई बच्नेछ, र तराई बच्यो भने मात्र नेपालको वातावरणीय भविष्य सुरक्षित रहनेछ।

# ऐतिहासिक उपलब्धिका आयाम




भेनेजुएलामा अमेरिकी सैनिक कारबाही भएको छ महिना भएको छ । जनवरी २०२६ को आरम्भमै भएको त्यस घटनामा अमेरिकी सेनाको एक डफ्फाले राजधानी काराकासस्थित राष्ट्रपति निवासलाई निसानामा पारेको थियो । आधारातमा राष्ट्रपति निकोलास मदुरो र उनकी पत्नीलाई ओछ्यानबाट उठाएर अपहरणको शैलीमा विमानद्वारा न्युयोर्क पुरुयाइएको थियो । मदुरोलाई लागुऔषध कारोबारसमेतको मुद्दा लगाएर बन्दी बनाइराखिएको छ ।

अमेरिकी सरकारले त्यस घटनालाई 'कानुन कार्यान्वयनको कारबाही' भन्ने गरेको छ । त्यो स्वतन्त्र देशको सार्वभौमिकता उल्लंघन भएको घटना थियो । यसबारे संयुक्त राष्ट्रसंघमा आवाज पनि उठेको हो, किन्तु 'भिटो पावर' भएको शक्तिराष्ट्रले आलोचनाका स्वरहरूलाई निरन्तर बेवास्ता गर्दै आएको छ । मदुरोको गिरफ्तारीको लगत्तैपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'अब क्युबाको पालो' आउँदै छ भनेर सार्वजनिक रूपमै चेतावनी दिएका थिए । त्यसबाट राजधानी हभानास्थित सरकार झस्किने नै भयो । सिङ्गो देश क्युबाका एक करोड १० लाख बासिन्दा आतङ्कित र भयभीत भए, अझै भयमुक्त छैनन् । अमेरिकाले लगाएको नवीनतम आर्थिक नाकाबन्दीको असर त्यहाँको व्यापार-व्यवसाय र जनजीवनमा टड्कारै देखिन्छ । दैनिक २०-२२ घण्टासम्म बिजुलीको आपूर्ति रोकिँदा कुन अवस्था हुन्छ, त्यसको अनुमान सहजै गर्न सकिन्छ । घर-व्यवहार, उद्योगधन्धा सबै क्षेत्र प्रभावित भएका छन् ।

***हमलाको सिलसिला***

फेब्रुअरी महिनामा ट्रम्प प्रशासन इजरायल सरकारसँगको साँठगाँठमा इरानमा हमला गर्ने तयारीमा रहेछ । त्यसै अनुसार होला, २८ तारिख (१६ फागुन २०८२) का दिन इरानउपर दुबैतिरबाट एकैसाथ हमला भयो, जुन कारबाहीलाई अमेरिकीहरूले 'अपरेसन एपिक फ्युरी' भन्ने साङ्केतिक नाम दिएका छन् । अमेरिकीहरूको तारो बनेका थिए इस्लामिक गणतन्त्र इरानका मुख्य नायक आयातोल्लाह अली खामेनी । उनको हत्या भयो । खामेनीको निधनपछि उनकै छोरा मोजतबा खामेनी सर्वोच्च नेतृत्वमा पुगेका छन् । उनकै निर्देशनमा राष्ट्रपति तथा अन्य मन्त्रीगण बाहिरी हमलाको प्रतिकार गर्न लागिपरेका छन् । नेतृत्व कमजोर भएपछि इरानले आफ्नै हात-हतियार प्रयोग गर्नसमेत नसक्ने हुन्छ र अन्ततोगत्वा इरानीहरू आत्मसमर्पण गर्न बाध्य हुनेछन् भन्ने ट्रम्प प्रशासनको धारणा थियो । परन्तु क्षेप्यास्त्र र आणविक हतियार निर्माण गर्ने इरानको लक्ष्य खल्बलिएपछि पनि इरान नडगेको देखियो, अनि अमेरिकीहरू आफैं युद्धविरामको पहल गर्न लागे । पाकिस्तानलाई मध्यस्थकर्ता बनाए । यता, युद्धविराम स्वीकार गर्नुअघि इरानीहरूले सर्तहरूको लामो फेहरिस्त देखाएपछि ट्रम्प प्रशासन अल्मलिएको आहट अमेरिकी प्रेसका बयानहरूले दिइराखेका छन् ।

हर्मुज जलमार्ग अमेरिकी र इरानी युद्ध बेडाहरूको अवरोधको कारण खुल्न सकेको छैन । अब अमेरिकाको जोडबलले मात्र यो जलमार्ग नखुल्ने अवस्था आयो । समग्रमा, यस बखत पश्चिम एसिया नै तनाउग्रस्त भएको छ । संयुक्त राज्य अमेरिका सर्वशक्तिमान् राष्ट्र हो भन्ने प्रमाणित गराउन ट्रम्प प्रशासनलाई क्युबातिरको मोर्चा मजबुत गराएर त्यहाँ सन् १९५९ क्रान्तिको क्रममा बहाल भएर आएको 'कम्युनिष्ट शासन' को अन्त्य नगराई भएको छैन । यो काम सकेसम्म ४ जुलाई अगावै फत्ते गराउनु छ । नभए पनि सन् २०२६ लाई बिना उपलब्धि त उम्किन दिनै भएन । संसारकै स्थापित लोकतन्त्र भएको अमेरिकाको छेउमा कम्युनिष्ट हौं भन्नेहरूको शासन ? हुन पनि अमेरिकाको फ्लोरिडाबाट जम्मा ९० माइल (१४५ किलोमिटर) दूरीमा छ यो टापुराष्ट्र । ट्रम्प र परराष्ट्रमन्त्री मार्को रूबियो दुवैलाई यो कुरा असह्य छ । क्युबामा मानव अधिकार छैन, राज्यव्यवस्थाको आलोचना गर्न पाइँदैन भन्नेजस्ता आरोप छन् । जानकार क्युबालीहरू भन्छन्–अमेरिका क्युबामा यी कुरामा सुधार होस् भन्ने चाहँदैन, खालि आत्मसमर्पण गराउन खोज्छ । 'सम्झौता गरिहाल, नत्र ढिलो होला' भन्ने ट्रम्पको कथन क्युबालीले पटकरु-पटक सुनेका छन् ।

जे होस्, क्युबामा भेनेजुएलामा जस्तै छोटो सैनिक कारबाहीबाट काम तमाम हुनेमा आशङ्का छ । तसर्थ वाशिङ्गटनमा वैकल्पिक उपायबारे सोच-विचार भइरहेको सङ्केत सञ्चारमाध्यमले दिइरहेका छन् । नाकाबन्दीसहितको दबाब र धम्कीयुक्त सन्देशहरूको प्रवाहलाई यसै प्रसङ्गमा बुझ्नुपर्ने हुन्छ । क्युबाका राष्ट्रपति मिगुएल दियाज-कानेललाई अपहरण गर्न वा मार्न त सकिएला तर त्यसपछि त्यहाँ कोसँग वार्ता गरेर अमेरिकाको हालिमुहाली कायम गर्ने ? अचेल शासनयन्त्रभन्दा बाहिर भए पनि राउल कास्ट्रोको पकड कायमै छ । यस्तोमा को विकल्प होला ? अमेरिकी सरकारसामु प्रश्न पेचिलो छ ।

भेनेजुएलाको काण्डपछि क्युबाका राष्ट्रपति र अन्य प्रमुख नेता निवासमै बसेर अमेरिकी सैनिक आक्रमणको प्रतीक्षा अवश्य गरोइनन् । थपमा, मदुरोको सुरक्षामा तैनाथ क्युबाली सुरक्षाकर्मी र गुप्तचरमध्ये ३२ जनाको ज्यान गएको कुरा पनि तिनले यति चाँडै बिर्सेका होओइनन्।

***क्युबाको चुनौती***

राजनीतिक पाटोतर्फ, भेनेजुएलाबाट मदुरो गिरफ्तार गरेपछि उप-राष्ट्रपति डेल्सीलाई 'कार्यवाहक' भनेर स्वीकार गर्न जति सजिलो भएको थियो; क्युबामा त्यस्तो हुन गाह्रो छ । किनभने त्यहाँका नेताको देशप्रतिको प्रतिबद्धता भेनेजुएलाको भन्दा उपल्लो स्तरको छ यद्यपि साधन-स्रोतको कोणबाट क्युबा कमजोर छ । क्युबासँग तेलको भण्डार छैन । तथापि बहुसंख्यक क्युबाली जनता देशका संस्थापक कम्युनिष्ट नेता फिदेल कास्ट्रोको आदर्शबाट आजसम्म विमुख छैनन् । अमेरिकाको उपनिवेश भएर धनी हुनुभन्दा गरिब भए पनि क्युबाकै नागरिक भएर बस्न चाहन्छौं भन्ने जनभावनाको उपेक्षा गर्न कठिन देखिन्छ । क्युबा मूलका मन्त्री रूबियोमार्फत स्थानीय (स्पेनी) भाषामा सन्देश प्रसारण गर्दा पनि अपेक्षित नतिजा आएको देखिँदैन । त्यसैले अरू कोही उपयुक्त पात्र नभेटिए उनैलाई अन्तरिम सरकारप्रमुख नियुक्त गरी पठाउने विकल्प छ तर त्यो प्रभावकारी नहुने अनुमान गरिएको छ । यस्तो अन्तरिम नियुक्ति अमेरिकाले सन् २००३ मा इराक कब्जा गरेपछि त्यहाँको लागि पनि गरेको थियो । कूटनीतिक कर्मचारी पल ब्रिमरले झण्डै एक वर्ष इराकमा शासन गरेका थिए ।

हालैका घटनाक्रम नियाल्ने पश्चिमा विश्लेषकहरू भन्दैछन् : अमेरिका क्युबालाई तर्साउने, थर्काउने र थकाउने तरिका अपनाउन व्यस्त देखिन्छ । क्यारिबियन सागरमा अमेरिकी जङ्गी बेडा तैनाथ यसै कुराको प्रमाण हो । इन्धनलगायतका आवश्यकीय माल-वस्तु-सेवाको आपूर्तिमा नाकाबन्दी लागेपछि क्युबाली जनता आफ्नै सरकारप्रति खनिन्छन् र अहिलेको सरकार ढल्छ । त्यसपछि अमेरिकाले आफ्नो अनुकूलको सरकार स्थापना गर्न पाउँछ । त्यसै सिलसिलामा हो, सीआईए प्रमुख जोहन-याट्क्लिफलाई हालै हबाना पठाइएको । राउल कास्ट्रोका नाति रोड्रिगेज कास्ट्रोलाई अमेरिका अनुकूल बनाउन सकिए उसैलाई मुख्य शासकको जिम्मेवारी दिलाउने योजना थियो तर त्यो नहुने भयो ।

क्युबा सन् १९६२ को क्षेप्यास्त्र सङ्कट (मिसाइल क्राइसिस) देखि चर्चामा रहेको देश हो । तत्कालीन सोभियत संघले क्युबामा गोप्य रूपले जडान गरेका आणविक क्षेप्यास्त्रको कारण अमेरिका र सोभियत संघ आमने-सामने नै भएका थिए । १३ दिनसम्म । राष्ट्रपति जोहन एफकेनेडी र सोभियत प्रधानमन्त्री निकिता खुश्चेभको आपसी सहमतिबाट सङ्कट टरेको थियो । संयोग, त्यसै वर्षको उही (अक्टोबर) महिनामा नेपालका दुवै छिमेकी भारत र चीन आपसी युद्धमा होमिएका थिए । केही इतिहासकारले लेखेका छन्–क्युबातिरको चुनौतीले गर्दा केनेडीले भारतलाई यथोचित सहयोग गर्न भ्याएनन्, पाएनन् । पण्डित जवाहरलाल नेहरू निराश भए ।

समयको अन्तरालमा केही वर्षअघि अमेरिका-क्युबा सम्बन्ध सकारात्मक धरातलमा पनि आयो । क्युबालाई सदैव परचक्री मानेर बस्नु उचित हुँदैन भन्ने मान्यता राष्ट्रपति बाराक ओबामाको कार्यकाल (सन् २००९-१७) मा विकसित भयो । तदनुरूप, शीतयुद्ध ताकाको एक्लिने नीति त्यागेर वर्षौंको चिसो सम्बन्धलाई सामान्य गराउन ओबामाले पहल गरे । फलस्वरुप कूटनीतिक सम्बन्ध कायम गरी एक-अर्काकहाँ राजदूतको आदानप्रदान पनि गरियो । सन् २०१६ मार्चमा ओबामा क्युबाको भ्रमणमा गए । अर्थतन्त्र खुला प्रकृतिको हुँदा मात्र पर्यटनलगायतका क्षेत्रमा लगानीका अवसर आउने हुन् भन्ने जानकारहरूको भनाइ छ ।

***शंकास्पद दृष्टिकोण***

माथि नै लेखियो, राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकालमा क्युबाउपरको दबाब तीव्र भएको छ । त्यसको पुष्टि यही मे २० तारिखमा ट्रम्प प्रशासनका सरकारी वकिलहरूले क्युबाका अवकाशप्राप्त नेता राउल कास्ट्रोलाई अभियोग लगाएर गरेका छन् । अभियोग : सन् १९९६ मा मानवीय उद्धारमा खटिएको एक अमेरिकी विमानलाई क्युबाली सेनाले गोली हानेर खसाल्यो र त्यसमा चारजना अमेरिकी मारिए । कास्ट्रो त्यस बखत रक्षामन्त्री भएको हुनाले त्यस घटनामा उनी दोषी देखिन्छन् । अब यसकै आधारमा ९४ वर्षीय कास्ट्रोलाई हत्कडी लगाएर न्युयोर्कको अदालतमा हाजिर गराउने सम्भावना नभएको होइन तर ट्रम्प अमेरिकी प्रभुत्व जताउन त्यस हदमा त नपुग्लान् कि भन्ने अनुमान छ ।

अमेरिकी सेना यतिखेर इरानी मोर्चामा केन्द्रित रहेकाले ट्रम्पले क्युबालाई झम्टिन नभ्याएका होलान् । कास्ट्रोलाई अभियोग लगाउने दिनको छनोटलाई पनि क्युबालीले शङ्काको आँखाले हेर्दछन् । किनभने २० मे १९०२ कै दिन स्वतन्त्र क्युबा अस्तित्वमा आएको थियो । ओबामापछि राष्ट्रपति निर्वाचित रिपब्लिकन नेता ट्रम्पले आफ्नो पहिलो कार्यकालदेखि नै अमेरिका कमजोर भएको अनुभव गर्दै 'अमेरिका पहिले' भन्ने अभियान चलाएका हुन् । त्यसैले उनी मौका पर्नासाथ अमेरिकालाई निर्बल तुल्याउने काम पूर्ववर्ती राष्ट्रपतिहरूबाट भएको दोष लगाइहाल्छन् । अहिले उनको हचुवा कार्यशैली र संविधान मिच्ने प्रवृत्तिको आलोचना रिपब्लिकन

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## लेबनानमा युद्धपूर्वको अवस्था सुनिश्चित हुनुपर्छ : इरान

***तेहरान, जेठ २१ गते ।***
सम्झौताका लागि लेबनानमा युद्धपूर्वको अवस्था सुनिश्चित हुनुपर्ने इरानले अघि सारेको एक प्रमुख शर्त रहेको तेहरानले जनाएको छ । इजरायलले लेबनानमा आफ्नो वर्तमान नियन्त्रण रेखाबाट पछि हट्नुपर्ने इरानको 'इस्लामिक रिभोलुसनरी गार्डस्' को विदेशी शाखा कुद्स फोर्सका प्रमुखले बिहीबार बताउनुभएको हो ।



इजरायलले लेबनानमा तेहरानको सहयोगी हेजबुल्लाहविरूद्ध हवाइ कारबाही चलाइरहेको छ भने इरानमा अमेरिका-इजरायलको संयुक्त हवाई आक्रमण भएदेखि नै हेजबुल्लाह समूहले इरानको समर्थनमा इजरायलमाथि पटक पटक आक्रमण गर्दै आएको छ ।

"लेबनानमा प्रतिरोधलाई समर्थन गर्नु हामी सबैको कर्तव्य हो र यस क्षेत्रबाट इजरायललाई हटाउनु मुसलमानको लागि एक साध्य लक्ष्य हो," रिभोलुसनरी गार्डसको विदेशी शाखाका प्रमुख इस्माइल कानीले इरानी सामाजिक सञ्जालमा गरेको एक पोस्टमा भन्नुभयो । "प्रतिरोधको न्यूनतम माग भनेको इरानमा ४० दिने युद्ध सुरु हुनुभन्दा पहिले लेबनानमा रहेको स्थितिमा इजरायललाई फर्कन सहमत गराउनु हो ।

## "कक्रोच जनता पार्टी" आन्दोलनमा सोनम वाङचुकको समर्थन, विदेशी शक्तिको संलग्नता नभएको दाबी

***२१ जेठ, नयाँ दिल्ली ।***
भारतमा चर्चामा रहेको 'कक्रोच जनता पार्टी (सीजेपी)' आन्दोलनलाई लिएर उठेका विवादबीच सामाजिक अभियन्ता सोनम वाङच्छुकले आन्दोलनमा कुनै विदेशी शक्तिको संलग्नता नरहेको बताएका छन्।
यसअघि राजिव चन्द्रशेखरले उक्त आन्दोलन मोदी सरकार र भारतविरोधी बाह्य तत्व तथा विपक्षी दलहरूको इसारामा सञ्चालन भइरहेको आरोप लगाउँदै आधिकारिक अनुसन्धानको माग गरेका थिए।
तर वाङचुकले ती आरोपहरूको खण्डन गर्दै आन्दोलनका अभियन्ता दिपकेले आफूलाई सीजेपीका सामाजिक सञ्जालसम्बन्धी तथ्यांक उपलब्ध गराएको र त्यसको अध्ययनपछि कुनै विदेशी शक्तिको




समर्थन नरहेको निष्कर्षमा पुगेको बताएका छन्।
भिडियोमार्फत प्रतिक्रिया दिँदै वाङचुकले 'ककरोच जनता पार्टी भारतीय युवाहरूको अभिव्यक्ति भएको, कुनै विदेशी षड्यन्त्र नभएको' उल्लेख गरेका छन्। दिपकेसँगको संवादपछि उनको नियत देश सुधारको उद्देश्यबाट प्रेरित रहेको आफूले बुझेको वाङचुकको भनाइ छ।
यता आन्दोलनका अगुवा दिपकेले पनि वाङचुकको समर्थनलाई स्वागत गरेका छन्। उनले सामाजिक सञ्जाल एक्समार्फत वाङचुक आन्दोलनमा जोडिएकोमा धन्यवाद व्यक्त गर्दै जुन ६ मा भेट्ने अपेक्षा रहेको बताएका छन्।

---

## ऐतिहासिक...

दलकै नेताहरूबाट समेत हुन थालेको छ ।
ट्रम्प अमेरिकाको हाराहारीमा कसैले आउन पाउनु हुन्न भन्ने मान्यतामा दगुरेका छन् । त्यसै कारण उनी आउँदो स्वतन्त्रता दिवस (४ जुलाई-असार २०) को अवसर पारेर भव्य सैरुनिक कवाज/अभ्यास गराउने तर्खरमा छन् । सन् १७७६ मा 'संयुक्त राज्य अमेरिका' निर्माण भएको हिसाब गरेर २५० औं वर्ष पुगेको उत्सव मनाउन ट्रम्प व्यग्र छन् । यता, बढ्दो असुरक्षा र चर्को महँगीको मारमा परेका अमेरिकीहरूमा भने खास उत्साह छैन । ट्रम्प चाहिँ कसैगरी सन् २०२६ लाई ऐतिहासिक वर्ष तुल्याउन दृढसंकल्पित छन् । यसै सिलसिलामा आएको छ, २५० डलरको बैंक नोट प्रचलनमा ल्याउने र त्यसमा उनको आकृति (फोटो) छाप्ने प्रस्ताव । अमेरिकाको प्रचलित ऐनले नोटमा जीवित व्यक्तिको फोटो राख्न नदिने रहेछ । संसद्बाट नयाँ ऐन पारित गराई उनको फोटो छाप्न मिल्ने गराउन सके त्यो बेग्लै कुरो भयो ।

## सर्प...

प्रारम्भिक अनुसन्धानपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि अस्पतालमै राखिएको थियो।
पछि मृतकका हजुरबुवा रामरेख रामले सोही दिन साँझ शव बुझिलिएका छन्।
घटना स्थल प्रहरी चौकी बेल्दारीबाट करिब २ किलोमिटर पूर्व पर्ने जनाइएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## जातीय...

असमानताको परिणामका रूपमा बुझिनुपर्ने आवश्यकता देखिन्छ।
पछिल्ला वर्षहरूमा शिक्षा, राजनीतिक सहभागिता र राज्यका निकायमा प्रतिनिधित्व विस्तार हुँदै जाँदा सकारात्मक परिवर्तन देखिन थालेका छन्। नयाँ पुस्तामा जातीय विभेदप्रति सचेतना र अस्वीकार गर्ने प्रवृत्ति बढ्दै गएको छ।
तर अझै पनि ग्रामीण तथा विपन्न समुदायले सम्मान, अवसर र समान अधिकारका लागि संघर्ष गर्नुपर्ने अवस्था विद्यमान छ। त्यसैले कानुनसँगै यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ।
अबको आवश्यकता भनेको कानुनलाई व्यवहारमा पूर्ण रूपमा लागू गर्नु हो। जातीय विभेद उन्मूलनका लागि राज्य, संसद, कार्यपालिका, न्यायपालिका, राजनीतिक नेतृत्व, नागरिक समाज र आम नागरिक सबैले साझा जिम्मेवारी वहन गर्नुपर्छ।
समाज रूपान्तरणका लागि चेतना, शिक्षा र आर्थिक सशक्तीकरणलाई समान रूपमा अघि बढाउनुपर्छ। साथै दलित तथा सीमान्तकृत समुदायलाई मूल प्रवाहमा ल्याउन राज्यले लक्षित कार्यक्रम र दीर्घकालीन सशक्तीकरण योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक छ।
त्यसैगरी जातीय विभेदलाई बढावा दिने कुनै पनि व्यवहार वा गतिविधिमाथि कानुनी निगरानी र कारबाही कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता छ। शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सचेतनाको विस्तारमार्फत समान अवसर सुनिश्चित गर्न राज्य अझ जिम्मेवार बन्नुपर्छ।
अन्ततः, केवल कानुनी घोषणा वा भाषणले होइन, व्यवहारिक परिवर्तनबाट मात्र छुवाछूतमुक्त, समान र न्यायपूर्ण समाज निर्माण सम्भव हुनेछ।

## मेयरमाथि...

तर मेयर प्रदीप यादवले भने आरोप अस्वीकार गर्दै शिक्षकलाई केवल स्पष्टीकरणका लागि बोलाइएको र कुनै प्रकारको थुनछेक वा कुटपिट नभएको दाबी गरेका छन्।
स्थानीय तहभित्र बढ्दो विवाद र बारम्बार उठिरहेका यस्ता आरोपका बीच घटनाले थप गम्भीर राजनीतिक तथा प्रशासनिक बहस सिर्जना गरेको छ।

## पूर्वाधार...

योजनालाई प्राथमिकतामा राख्दै आएका छन्।
मन्त्रालयका अनुसार कार्यालय प्रमुखको व्यवस्थापन सम्बन्धी प्रक्रिया अघि बढिसकेको छ। स्थायी व्यवस्था नहुँदासम्म नियमित सेवा प्रवाह, योजना व्यवस्थापन तथा प्रशासनिक कार्य सञ्चालनमा कुनै अवरोध आउन नदिने गरी समन्वय र सहजीकरण भइरहेको छ।
स्थानीय सरोकारवालाले पनि कार्यालयमा शीघ्र नेतृत्व व्यवस्था गरी विकास योजनालाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याएका छन्। उनीहरूले बारामा सडक, पुल, भवनलगायत पूर्वाधार निर्माणका कामलाई समयमै सम्पन्न गर्न मन्त्रालयले आवश्यक निर्णय छिट्टै गर्ने अपेक्षा व्यक्त गरेका छन्।

## जिप्रका...

भविष्यमा यस्ता खर्च दोहोरिन नदिन र कानुनसम्मत ढंगले मात्र बजेट खर्च गर्न गाउँपालिकालाई निर्देशनात्मक सुझाव दिएको छ।
स्थानीय तहको बजेटबाट अन्य सरकारी निकायका कर्मचारीलाई तलब भुक्तानी गरिएको विषय सार्वजनिक भएपछि पकाहामैनपुर गाउँपालिकाको वित्तीय अनुशासन र बजेट व्यवस्थापनमाथि समेत प्रश्न उठेको छ।

## नारायणी...

महानगरपालिकाले जनाएको छ।
स्थानीयवासीले नदीको तीव्र दोहनले वातावरणीय तथा भौगोलिक जोखिम बढाएको भन्दै महानगरपालिका, प्रहरी प्रशासन र अन्य सरोकारवाला निकायको भूमिकामाथि प्रश्न उठाएका छन्। कानुनअनुसार उत्खननस्थलमा नियमित प्राविधिक तथा वातावरणीय अनुगमन हुनुपर्ने भए पनि प्रभावकारी निगरानी हुन नसकेको आरोप छ।
विवाद बढेपछि चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले महानगरपालिकासँग समन्वय गरी सुरक्षा निकायसहित स्थलगत अनुगमन गर्ने तयारी भइरहेको बताएका छन्। उनले कानुनविपरीत गतिविधि भेटिए आवश्यक कारबाही गरिने चेतावनी दिएका छन्।
यसैबीच हिरोज कन्स्ट्रक्सनले भरतपुर-१ थिमुरास्थित अर्को उत्खनन ठेक्काको सम्झौता प्रक्रिया समेत अझै पूरा नगरेको महानगरपालिकाले जनाएको छ। समयमै राजस्व दाखिला र सम्झौता नभए महानगरलाई करिब एक करोड रुपैयाँ राजस्व घाटा हुन सक्ने अनुमान गरिएको छ।
नदीजन्य स्रोतको दोहन, सरकारी निगरानीको प्रभावकारिता र राजस्व व्यवस्थापनको विषयलाई लिएर स्थानीय तहमा बहस बढिरहेको छ भने घटनाबारे निष्पक्ष छानबिनको मागसमेत उठ्न थालेको छ।

## रौतहटमा...

गरेका छन्।
पशु चिकित्सकहरूका अनुसार यस्तो अवस्था अत्यन्तै दुर्लभ हुन्छ। गर्भावस्थामा भ्रूणको असामान्य विकास, आनुवंशिक गडबडी वा विकास प्रक्रियामा आएको अवरोधका कारण यस्तो विकृति देखिन सक्ने उनीहरूको भनाइ छ। यकिन कारण पत्ता लगाउन थप परीक्षण आवश्यक रहेको जनाइएको छ।
चिकित्सकीय दृष्टिले यस्ता नवजात पशुको बाँच्ने सम्भावना कमजोर हुने भए पनि हाल पाडोको स्वास्थ्य अवस्था सामान्य रहेको स्थानीयले बताएका छन्।
घटनापछि गाउँमा विभिन्न चर्चा-परिचर्चा भइरहेको छ। केहीले यसलाई दुर्लभ जैविक घटना मानेका छन् भने केहीले धार्मिक तथा लोकविश्वाससँग जोडेर हेर्न थालेका छन्।

## ठोरी-माडी...

उपचारपछि थप परीक्षणका लागि उनलाई वीरगञ्ज पठाइएको छ।
इलाका प्रहरी कार्यालय माडीका प्रमुख प्रहरी निरीक्षक किरण राईका अनुसार घाइतेको अवस्था हाल खतरामुक्त रहेको छ। परिवारका अनुसार बाहिरी चोट सामान्य देखिए पनि भित्री चोटको सम्भावना रहेकाले थप स्वास्थ्य परीक्षण गराइँदै छ।
चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने रातोमाटे डाँडा क्षेत्र वन्यजन्तुको नियमित आवतजावत हुने संवेदनशील क्षेत्र मानिन्छ। घटनापछि प्रशासनले माडी-ठोरी सडकखण्डमा विशेषगरी रातिको समयमा यात्रा गर्दा सावधानी अपनाउन तथा सवारीको गति नियन्त्रणमा राख्न आग्रह गरेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# जिप्रका पर्साका कर्मचारीलाई गाउँपालिकाको बजेटबाट तलब, पकाहामैनपुरमा ८ लाख ३५ हजारको अनियमितता

*वीरगञ्ज, जेठ २१ –*
पकाहामैनपुर गाउँपालिकाले आफ्ना कर्मचारी नभएका जिल्ला प्रशासन कार्यालय पर्साका दुई कर्मचारीलाई ८ लाख ३५ हजार रुपैयाँभन्दा बढी तलबभत्ता भुक्तानी गरेको तथ्य सार्वजनिक भएको छ। महालेखा परीक्षकको कार्यालयले उक्त खर्चलाई आर्थिक अनियमितता ठहर गर्दै प्रश्न उठाएको हो।




महालेखाको ६३औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्ला प्रशासन कार्यालय पर्सामा कार्यरत कम्प्युटर अपरेटर रविभूषणप्रसाद कुशवाहा र सहायक कम्प्युटर अपरेटर राजेशकुमार महतोलाई गाउँपालिकाको बजेटबाट कुल ८ लाख ३५ हजार ६५० रुपैयाँ भुक्तानी गरिएको थियो।
प्रतिवेदनमा उनीहरूलाई डोर हाजिरीमा कामकाज गराएको आधारमा रकम भुक्तानी गरिएको उल्लेख छ। तर छुट्टै बजेट र प्रशासनिक संरचना भएको अर्को सरकारी कार्यालयका कर्मचारीलाई स्थानीय तहको बजेटबाट पारिश्रमिक दिनु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को व्यवस्था विपरीत रहेको महालेखाको निष्कर्ष छ।
महालेखाले यस्तो खर्चले गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहका लागि विनियोजित बजेटमा अनावश्यक भार पर्ने जनाएको छ। साथै

बाँकी तेस्रो पृष्ठमा

# नारायणी नदी दोहनमा मिलेमतोको आशंका, स्वीकृतिभन्दा बढी जेसिबी सञ्चालन

*चितवन, जेठ २१ –*
चितवनको भरतपुर महानगरपालिका-४ गैंडाचोकस्थित नारायणी नदी क्षेत्रमा नदीजन्य पदार्थ उत्खननका क्रममा स्वीकृतिभन्दा धेरै जेसिबी प्रयोग गरिएको आरोपपछि विवाद चुलिएको छ। स्थानीयवासीले ठेकेदार कम्पनी र सम्बन्धित निकायबीच मिलेमतो भएको आशंका व्यक्त गरेका छन्।



नदीजन्य पदार्थ उत्खननको जिम्मा पाएको हिरोज कन्स्ट्रक्सन कम्पनीले तोकिएको मापदण्डभन्दा बढी उपकरण प्रयोग गरी उत्खनन गरिरहेको स्थानीयको आरोप छ। स्थानीयका अनुसार सम्झौता भएदेखि नै कम्पनीले नियमविपरीत जेसिबी सञ्चालन गर्दै आएको र पछिल्ला दिनमा संख्या बढाएर १० वटासम्म पुर्‍याएको थियो।
भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले भने सो क्षेत्रमा तीनवटा जेसिबी सञ्चालनको मात्र स्वीकृति दिइएको जानकारी दिएका छन्। स्थानीयको गुनासोपछि गरिएको अनुगमनका क्रममा सम्झौताविपरीत बढी जेसिबी सञ्चालन भएको भेटिएको र अतिरिक्त उपकरण हटाउन नगर प्रहरी परिचालन गरिएको

बाँकी तेस्रो पृष्ठमा

# मेयरमाथि शिक्षकलाई बन्धक बनाई कुटपिट आरोपमा पुनरावेदनमार्फत मुद्दा दर्ता

*२१ जेठ, रौतहट।*
बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवमाथि आफ्नै मातहतमा कार्यरत शिक्षकलाई बन्धक बनाई कुटपिट गरेको गम्भीर आरोप लागेको छ। पीडित शिक्षक रामबाबु यादवले नगरपालिकाभित्रै कोठामा नियन्त्रणमा राखी दिउँसोदेखि रातिसम्म मानसिक यातना, गालीगलौज तथा कुटपिट गरिएको दाबी गर्दै पुनरावेदनमार्फत मुद्दा दर्ता गराएका छन्।
शंकर गुदर माध्यमिक विद्यालयमा कार्यरत शिक्षक यादवका अनुसार उनलाई छलफलका लागि नगरपालिकामा बोलाइएपछि कार्यालयभित्रै बन्धक बनाएर कुटपिट गरिएको हो। घटनामा





आफ्नो हात भाँचिएको र ज्यान मार्ने धम्कीसमेत दिइएको उनले आरोप लगाएका छन्।
लामो समयसम्म प्रहरी र प्रशासन धाउँदा पनि न्याय नपाएको भन्दै अन्ततः उनले कानुनी प्रक्रियालाई उच्च निकायमार्फत अघि बढाएका हुन्। घटनाबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाहीको माग स्थानीयवासी तथा सरोकारवालाले गरेका छन्।

बाँकी तेस्रो पृष्ठमा

# ठोरी–माडी सडकमा अनौठो दुर्घटना : बाघसँग मोटरसाइकल ठोक्किँदा चालक गम्भीर घाइते

*चितवन, जेठ २१ –*
चितवनको माडी-ठोरी सडकखण्डमा मोटरसाइकल बाघसँग ठोक्किँदा एक जना चालक घाइते भएका छन्। राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र भएको यो अनौठो दुर्घटना बिहीबार राति करिब ८ बजे माडी नगरपालिका-९ स्थित रातोमाटे डाँडा क्षेत्रमा भएको हो।
प्रहरीका अनुसार ठोरीबाट माडीतर्फ आएका बागमती प्रदेश ००२ प ६८६३ नम्बरको मोटरसाइकल अचानक सडकमा निस्किएको बाघसँग ठोक्किएको थियो। ठक्करपछि मोटरसाइकल अनियन्त्रित भएर पल्टिँदा चालक पर्साको ठोरी गाउँपालिका-१ निवासी ४० वर्षीय अजित कुँवर घाइते भएका हुन्।




दुर्घटनामा कुँवरको टाउको र बायाँ पाखुरामा चोट लागेको छ। मोटरसाइकलसँग ठोक्किएपछि बाघ भने पुनः जंगलतर्फ भागेको बताइएको छ।
घटनापछि नजिकैको सैन्य पोस्टमा खटिएका नेपाली सेना तथा इलाका प्रहरी कार्यालय माडीको टोलीले घाइतेको उद्धार गरी उपचारका लागि ठोरीस्थित स्वास्थ्य चौकी पुर्‍याएको थियो। प्राथमिक

बाँकी तेस्रो पृष्ठमा

# रौतहटमा दुई टाउको र दुई मुख भएको पाडो जन्मिँदा गाउँमा कौतुहलता

रौतहट, जेठ २१ –
रौतहटको गरुडा नगरपालिका-७ पिपरिया दोस्तिया गाउँमा एक अत्यन्तै दुर्लभ घटना सार्वजनिक भएको छ। स्थानीय एक किसानको भैंसीले दुईवटा टाउको र दुईवटा मुख भएको पाडो जन्माएपछि गाउँभरि कौतुहलता फैलिएको छ। स्थानीयका अनुसार जन्मिएको पाडोको दुईवटा टाउको, मुख र आँखा देखिएको छ। यो अनौठो घटना सार्वजनिक भएसँगै हेर्नका लागि ठूलो संख्यामा स्थानीयवासीहरूको भीड लागेको



छ। धेरैले यसलाई "प्रकृतिको दुर्लभ चमत्कार" का रूपमा लिएका छन् भने कतिपयले आश्चर्य व्यक्त

बाँकी तेस्रो पृष्ठमा


# ब्राउन सुगरसहित दुई जना पक्राउ

***संवाहक सम्वादाता**-२१ बैशाख, कलैया*
बारा प्रहरीले ब्राउन सुगर जस्तो देखिने लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार विश्रामपुर गाउँपालिका-२ बरैनिया बजार क्षेत्रमा लागूऔषध ब्राउन सुगरको बिक्री-वितरण भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय प्रसौनी, लागूऔषध नियन्त्रण ब्युरो वीरगञ्ज र इलाका प्रहरी कार्यालय छतवाको संयुक्त टोलीले बुधबार दिउँसो छापा मारेको थियो।
छापामार कारबाहीका क्रममा भारतको बिहार राज्य मोतिहारी जिल्ला हरपुर पञ्चायत-६ निवासी २१ वर्षीय राकेश कुमार साहले पर्साको जगरनाथपुर गाउँपालिका-६ सन्ठी गाउँका २० वर्षीय अजित



मगिज्ञालाई लागूऔषध बिक्री गरिरहेको अवस्थामा फेला परेका थिए। प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिएर खानतलासी गर्दा राकेश कुमार साहले लगाएको कालो हाफ पाइन्टभित्र लुकाइछिपाइ राखिएको अवस्थामा सेतो प्लास्टिकसहित १७ ग्राम ३९० मिलिग्राम ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ बरामद गरेको जनाएको छ।
प्रहरीले बच०५बत३७५६ नम्बरको हिरो स्प्लेन्डर मोटरसाइकल समेत नियन्त्रणमा लिएको छ।
पक्राउ परेका दुवै जनाविरुद्ध लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मिनबहादुर घलेले जानकारी दिएका छन्।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु




बाँकी तेस्रो पृष्ठमा

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।